**आकाशवाणी समाचार- नेपाली**

मितिः ०५ नोभेम्बर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

**१.** राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा पहिलो एशियाई बौद्ध सम्मेलनमा भाग लिनुहुनेछ। दुई दिनको यो सम्मेलनले बौद्ध धर्मको समृद्ध विरासतलाई रेखांकित गर्नेछ।

**२.** प्रधानमंत्री नरेन्द्र मोदीले कनाडामा एक हिंदू मंदिर माथि भएको हमलाको कडा निंदा गर्नुभएको छ ।

**३.** वित्त मंत्रीले सोशल मीडिया पोस्टमा - आयकर अधिनियमको विभिन्न पक्षहरुको समीक्षा गर्न 22 विशेषज्ञ उपसमितिहरु गठित गरिएको बताउनुभएको छ।

**४.** लोक आस्थाको महापर्व छठ आजदेखि **नहाय-खाय** सित शुरू भैरहेको छ ।रेलवेले छठ पर्बलाई ध्यानमा राख्दै आज राष्ट्रीय राजधानी क्षेत्रबाट देशका विभिन्न भागहरुका लागि 22 विशेष रेलगाडीहरुको परिचालन गरिरहेको छ

**५.** अमरीकामा आज 47ओ राष्ट्रपतिको लागि मतदान हुनेछ।

**राष्ट्रपति-बौद्ध सम्मेलन**

राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा पहिलो एशियाई बौद्ध सम्मेलनमा भाग लिनुहुनेछ। दुई दिनको यो सम्मेलनले बौद्ध धर्मको समृद्ध विरासतलाई रेखांकित गर्नेछ। बौद्ध मत का विशिष्ट प्रतिनिधि, विद्वान अनि अनुयायीहरु यसमा सामेल हुनेछन् । बैठकको अवधि बौद्ध समुदायको अघि रहेका चुनौतिहरुको समाधान माथि विशेष रूपले विचार विमर्श गरिनेछ । संस्कृति मंत्रालयले अंतरराष्ट्रीय बौद्ध परिसंघको सहयोग द्वारा यो सम्मेलनको आयोजन गरेको हो। सम्मेलनको थीम रहेको छ – **एशियालाई सुदृढ़ गर्नमा बौद्ध धम्मको भूमिका**।

****** ० ******

**पीएम-कनाडा हमला**

प्रधानमंत्री नरेन्द्र मोदीले कनाडामा एक हिंदू मंदिर माथि भएको हमलाको कडा निंदा गर्नुभएको छ । प्रधानमंत्रीले सोशल मीडिया पोस्टमा भन्नुभएको छ कि भारतीय राजनयिकहरुलाई धमकाउने कोशिश पनि समान रूपले कायरतापूर्ण हो । हिंसाको यस्ता घटनाहरुले देशको संकल्पलाई कमजोर गर्न नसक्ने उहाले बताउनुभयो । श्री मोदीले कनाडा सरकारसित यस मामलामा न्याय सुनिश्चित गर्ने बताउनुभएको छ ।

****** ० ******

**आयकर अधिनियम- सुझाव**

आयकर अधिनियमको समीक्षालाई लिएर आयकर विभागलाई बिगत एक महीनाको अवधि विभिन्न हितधारकहरुबाट 6 हजार 500 भन्दा अधिक सुझाव प्राप्त भएको छ । वित्त मंत्री निर्मला सीतारामनले आयकर अधिनियम, 1961 को व्यापक समीक्षाको बजट घोषणा बारे विचार विमर्श गर्नको लागि बैठकको अध्यक्षता गर्नुभयो। राजस्व सचिव संजय मलहोत्रा, केंद्रीय प्रत्यक्ष कर बोर्डका अध्यक्ष रवि अग्रवाल अनि बोर्डका वरिष्ठ अधिकारी बैठकमा उपस्थित थिए। वित्त मंत्रीले सोशल मीडिया पोस्टमा - आयकर अधिनियमको विभिन्न पक्षहरुको समीक्षा गर्न 22 विशेषज्ञ उपसमितिहरु गठित गरिएको बताउनुभएको छ।

****** ० ******

**छठ पर्व**

लोक आस्थाको महापर्व छठ आजदेखि **नहाय-खाय** सित शुरू भैरहेको छ । चार दिन सम्म चल्ने यस पावन अनुष्ठानमा भोलि खरनाको विधान सम्पन्न हुनेछ । आगामी बिहिबार साझ अस्ताचलगामी सूर्यलाई अनि शुक्रवार **प्रात: उदीयमान** सूर्य लाई अर्घ्य अर्पण गर्नको साथै महापर्वको समापन हुनेछ।

****** ० ******

रेलवे-विशेष ट्रेन

रेलवेले त्योहारको अवधि आज राष्ट्रीय राजधानी क्षेत्रबाट देशका विभिन्न भागहरुका लागि 22 विशेष रेलगाडीहरुको परिचालन गरिरहेको छ। रेलगाडीहरु सहरसा, जयनगर, पटना, मुजफ्फरपुर, गोरखपुर, दरभंगा, सिकंदराबाद अनि मालदा टाउनको लागि चलाईने छ। रेलवेका अनुसार छठ पूजाको अवधि यात्रिहरुको सुविधाको लागि यस महीनाको 2 तारीखदेखि 8 तारीखसम्म 1 सय 45 अतिरिक्त विशेष रेलगाडीहरु चलाईन्दै छ अनि प्रतिदिन लगभग 2 लाख अतिरिक्त यात्रिहरुको यात्रा सुगम बनाईन्दै छ। रेलवेले यात्रिहरुको संख्यामा बढोत्तरीलाई ध्यानमा राख्दै गत महीनाको 1 तारीखदेखि यसै महीनाको 30 तारीखसम्म सात हजार भन्दा अधिक विशेष रेलगाडीहरुको व्यवस्था गरेको छ। यस अवधि लगभग एक करोड़ यात्रिहरुलाई गन्तब्य सम्म पुर्याउने लक्ष्य रखिएको छ।

****** ० ******

**पीएम-विश्वकर्मा**

सरकारले भनेको छ कि प्रधानमंत्री विश्वकर्मा योजना अंतर्गत 2 करोड़ 50 लाख भन्दा अधिक आवेदन प्राप्त भैसकेको छ। तीन स्तरीय सत्यापन प्रक्रिया पछि यसमा 20 लाख भन्दा अधिक आवेदनहरुको सफलतापूर्वक पंजीकरण भैसकेको छ।केन्द्रीय सूक्ष्म, लघु अनि मध्यम उद्यम मंत्रालयले बताए अनुसार यो योजना गत 7 सितम्बरमा शुरू गरिएको थियो अनि यसको उद्देश्य शिल्पकारहरु अनि कारीगरहरुलाई सशक्त गर्नु हो। लगभग 10 लाख पंजीकृत कारीगरहरुलाई टूलकिटको लागि 15 हजार रुपियाँ सम्मको राशि ई-वाउचरको मध्यमद्वारा प्राप्त भैसकेको छ।

****** ० ******

**पीएम-महाराष्ट्र रैली**

प्रधानमंत्री नरेन्द्र मोदीले आगामी 8 देखि 14 नवंबरसम्म महाराष्ट्रमा विधानसभा चुनावको लागि बिभिन्न रैलिहरुलाई संबोधित गर्नुहुनेछ। भारतीय जनता पार्टीका प्रदेश अध्यक्ष चन्द्रशेखर बावनकुले ले बताउनुभयो कि यस अवधि श्री मोदीको 11 रैलिहरुलाई संबोधित गर्नुहुने कार्यक्रम रहेको छ। उहाले 8 नवंबरमा धुले अनि नासिक, 9 नवंबरमा अकोला अनि नांदेड़, 12 नवंबरमा चंद्रपुर, चिमूर, सोलापुर अनि पुणे तथा 14 नवंबरमा संभाजीनगर, नवी मुंबई अनि मुंबईमा चुनावी सभाहरु गर्नुहुनेछ।

****** ० ******

**झारखंड-प्रचार**

झारखंड विधानसभा चुनाव प्रचारमा सत्तारूढ अनि विपक्षी दलले एक-अर्का बिरुद्ध आरोप प्रत्यारोप लगाईरहेका छन्। भारतीय जनता पार्टीका राज्यमा चुनाव सह-प्रभारी अनि असमका मुख्यमंत्री हिमंता बिस्वा सरमाले आरोप लगाउनुभयो कि मुख्यमंत्री हेमंत सोरेनले आफ्नो वोट बैंकको लागि बंगलादेशी घुसपैठिहरुलाई संरक्षण दिएरहेका छन्।दोश्रो तर्फ झारखंड मुक्ति मोर्चाका वरिष्ठ नेता अनि मुख्यमंत्री हेमंत सोरेनले भारतीय जनता पार्टी माथि 2019 देखिनै उहाको सरकार बिरुद्ध साजिश रचिरहेको आरोप लगाउनुभएको छ। यसै बीच, रक्षा मंत्री राजनाथ सिंहले आज रांची अनि लोहरदगामा चुनावी जन सभाहरुलाई संबोधित गर्नुहुनेछ। उत्तर प्रदेशका मुख्यमंत्री योगी आदित्यनाथले जमशेदपुर अनि कोडरमा मा एनडीएका उम्मीदवारहरुका लागि चुनाव प्रचार गर्नुहुनेछ। कांग्रेस अध्यक्ष मल्लिकार्जुन खरगेले मांडू अनि कांकेमा इंडिया गठबंधनका उम्मीदवारहरुका लागि प्रचार गर्नुहुनेछ।झारखंडमा विधानसभाको 81 सीटहरुका लागि दुई चरणहरुमा - 13 अनि 20 नवम्बरमा मतदान हुनेछ।

****** ० ******

**अमरीका-राष्ट्रपति चुनाव**

अमरीकामा आज 47ओ राष्ट्रपतिको लागि मतदान हुनेछ। रिपब्लिकन प्रत्याशी अनि पूर्व राष्ट्रपति डोनाल्ड ट्रंप अनि डेमोक्रेटिक प्रत्याशी तथा उपराष्ट्रपति कमला हैरिस यस शीर्ष पदका लागि चुनाव मैदानमा छन्।देशमा बिभिन्न टाइम जोन भएको कारण मतदान आज भारतीय समयानुसार साझ 5 बजेर 30 मिनेट देखि साढे 7 बजे बीच आरंभ हुनेछ।चुनावको परिणाम मतदान समाप्त हुन् साथै आउने संभावना छ। तर अघिल्लो राष्ट्रपतिको घोषणा हुनुमा केहि दिन लाग्नेछ। प्रचारको अंतिम दिन हिज दुवै उम्मीदवारले पेंसिलवेनिया अनि मिशीगनमा आफ्नो ध्यान केन्द्रित गरे। कमला हैरिसले एलनटाऊन, पीटसबर्ग अनि फिलाडेलफियामा चुनाव प्रचार गर्नुभयो, जबकि डोनाल्ड ट्रंपले उत्तरी केरोलीनामा जनसभाहरु गर्नुभयो। डाक मतपत्र द्वारा मतदान भैसकेको छ। फ्लोरिडा विश्वविद्यालयको इलेक्शन लैब अनुसार सात करोड़ 80 लाख भन्दा अधिक अमरीकी नागरिकले अघिबाटै

मतदान गरिसकेका छन्। अमरीकामा राष्ट्रपतिको चुनाव लोकप्रिय मतहरु द्वारा हुदैन, तर यो अप्रत्यक्ष चुनाव प्रणालीको माध्यमद्वारा सम्पन्न हुँदाछ, जसलाई इलेक्ट्रोल कॉलेज भनिन्छ। अमरीकाको राष्ट्रपति पदको चुनाव जित्नको लागि प्रत्याशीले 538 इलेक्ट्रोल कॉलेजहरु मद्धे कम्तिमा पनि 270 इलेक्ट्रोल कॉलेजहरुमा बहुमत प्राप्त गर्न पर्नेछ।आगामी बर्ष 6 जनवरीमा कांग्रेसको संयुक्त सत्रमा इलेक्ट्रोल वोटको गणना हुनेछ अनि येदी कुनै प्रत्याशीलाई 270 वा त्येस भन्दा अधिक मत प्राप्त भए उनलाई निर्वाचित राष्ट्रपति घोषित गरिनेछ। आगामी राष्ट्रपतिले 20 जनवरीको दिन चार वर्षको कार्यकालको लागि शपथ लिनेछन्।

****** ० ******